This document is signed digitally!

(दफा २) को उपदफा ४ ( संग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

# नियमावली

## परिच्छेद – १

## प्रारम्भिक

१. **कम्पनीको नामः** यस कम्पनीको नाम "कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड" हुनेछ। जसलाई अंग्रेजीमा "Company Of Nepalese Investors Limited" भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नम्बर ०३ मा रहनेछ ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निमावलीमा, -

क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ लाई सम्झनु पर्छ ।

ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ ।

ग) "कम्पनी" भन्नाले "कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड" लाई सम्झनु पर्छ ।

घ) "पदाधिकारी" भन्नाले कम्पनीको संचालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा र विषेश साधारण सभालाइ सम्झनु पर्छ ।

च) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रवन्धपत्र सम्झनु पर्छ ।

छ) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।

ज) "संस्थापक" भन्नाले ऐन बमोजिम कम्पनी सस्थापनाको लागि प्रवन्धपत्र र नियमावलीमा शेयर कबुल गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झिनु पर्छ।

झ) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

ञ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र वैकल्पिक सञ्चालक समेतलाई जनाउने छ ।

ट) "अध्यक्ष" भन्नाले समितिको सम्झनु पर्छ ।

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

ठ) "कार्यकारी प्रमुख" भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, प्रवन्ध निर्देशक, प्रवन्ध सञ्चालक, कार्यकारी सञ्चालक वा महाप्रवन्धक सम्झनु पर्छ र सो शब्दले कम्पनीको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारी समेतलाई जनाउँछ ।

ड) "कम्पनी सचिव" भन्नाले कम्पनी ऐन बमोजिम नियुक्त कम्पनीको सचिवलाई सम्झनु पर्छ।

ढ) "सम्बन्धित निकाय" भन्नाले यस कम्पनीलाई ईजाजत दिने सिलसिलामा सम्वन्धित ऐन बमोजिम स्थापना भएको सम्बन्धित कार्यालयहरुलाई सम्झनु पर्छ।

ण) "ग्राहक" भन्नाले कम्पनीसँग कारोवार गर्ने कुनै पनि व्यक्ति, कम्पनी, फर्म, संस्थान, संस्था वा अन्य कुनै प्रतिष्ठान निकाय सम्झनु पर्छ ।

त) "साधारणसभा" भन्नाले कम्पनीको शेयरधनीहरुको वार्षिक साधारणसभा र विशेष साधारणसभा सम्झनु पर्छ ।

थ) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्म्कनु पर्छ ।

द) "शेयरधनी" भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

ध) "क समूहको शेयरधनी" भन्नाले सस्थापक शेयरधनी सम्झनु पर्छ ।

न) "ख समूहको शेयरधनी" भन्नाले सार्वजनिक रुपमा बिक्री भएको शेयर खरिद गर्ने सर्वसाधारण शेयरधनी सम्झनु पर्छ।

प) "शेयर प्रमाणपत्र" भन्नाले कम्पनीको शेयर किन्ने व्यक्तिलाई कम्पनीबाट प्रमाणको रुपमा दिइएको निस्सा सम्झनु पर्छ।

फ) "लाभांश" भन्नाले कम्पनीले आर्जन गरेको मुनाफामध्येबाट शेयरधनीहरुलाई वितरण गरिने मुनाफाको हिस्सा सम्झनु पर्छ र सो शब्दले मुनाफामध्येवाट वितरण गरिएको बोनश शेयर समेतलाई जनाउँछ ।

ब) "बोनश शेयर" भन्नाले कम्पनीका मुनाफाबाट भएको बचत बा जगेडा कोषलाई पूँजीकरण गरी शेयरधनीहरुलाई अतिरिक्त शेयरको रुपमा जारी गरिएको शेयर सम्झनु पर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता मूल्य वृद्धी गरेको अवस्था समेतलाई जनाउँछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

भ) "तरल सम्पत्ति" भन्नाले कम्पनीको नगद मौज्दात सम्बन्धित निकायमा राखेको मौज्दात र कम्पनीको तरल सम्पत्ति भनी निर्धारण गरिदिएको सम्पत्ति सम्झनु पर्छ ।

म) "छाप" भन्नाले कम्पनीको नामबाट कामकारबाहीमा प्रयोग गरिने सामान्य छाप सम्झनु पर्छ।

य) "लिखत" भन्नाले हस्तलिखित, छापिएको वा टाइप गरिएको लिथो गरिएको वा अन्य कुनै किसिमले हुबहु प्रस्तुत वा पुनरुत्पादन गरिएको कुनै पनि लिखत सम्कनु पर्छ। सो शब्दले फोटोकपी, माइक्रो फिल्म, कम्पनीले उपयोगमा ल्याएको सूचना प्रणाली तथा कम्प्यूटर सफ्टवेयरबाट नियमीत रूपमा उत्पत्ति हुने स्टेटमेन्ट, प्रतिवेदन, सूचना समेतलाई जनाउँछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

४. **कम्पनीका उद्देश्यहरुः** कम्पनीको उद्देश्य प्रवन्ध पत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - २

## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मुल्यः** यस कम्पनीको शेयरको अंकित मूल्य रु १०० ।- (एक सय मात्र। हुनेछ ।

६. **शेयरमा लियन रहने कुराः** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रकम शेयर बापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुको नाममा दता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरधनीहरुको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरुः** साधारण शेयरहरु बाहेक विभिन्न वर्गका शेयरहरुका बारेमा हाललाई कुनै व्यवस्था गरिएको छैन। साधारण शेयरको समुहगत संरचना प्रवन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरीद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित बर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिनेः** हाल विभिन्न वर्गका शेयरहरु जारी गरिएको छैन । जारी भएको साधारण शेयर खरीद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित सम्बन्धित वर्गका शेयरधनीहरुको स्विकृती लिनु पर्नेछ । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानुनको अधिनमा रही प्रचलित कानुन तथा सम्वन्धित निकायको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयारधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता बर्गका शेयरधनीहरुको स्वीकृतिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने छ।

९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्थाः** हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन। सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानुनको अधिनमा रही सम्बन्धित निकायको स्विकृती लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिने छ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

१०. **संस्थापकले लिनुपर्ने न्यूनतम शेयर संख्या:** यस कम्पनीको संस्थापक हुन कम्पनी स्थापना गर्ने समयमा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरीएको प्रवन्धपत्र तथा नियमावली अनुसार कम्तीमा १००० (एक हजार ) कित्ता शेयर लिएको हुनु पर्नेछ।

११. **शेयर वापतको रकमको भुक्तानी माग तथा शेयर जफत सम्बन्धी व्यवस्था:** कम्पनीको आवश्यकता अनुसार कम्पनीले शेयर बापतको रकमको भूक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा प्रचलित ऐन बमोजिम हुनेछ।

१२. **शेयर बिक्री वा धितो बन्धक सम्बन्धि व्यवस्था:**

१) कम्पनीको शेयर चल सम्पतिलाई बिक्री गर्न वा धितो बन्धक राख्न सकिनेछ ।

२) शेयर बिक्री वा धितो बन्धक र दाखिल खारेज सम्वन्धि कम्पनी ऐन बमोजिम हुने छ।

३) संस्थापक बर्गको शेयर हस्तान्तरण ऐन, कम्पनी ऐन र अन्य प्रचलित व्यबस्था यस कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको अधिनमा रही गरिनेछ ।

१३. **शेयरको प्रमाणपत्र:** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कम्पनीका सञ्चालक अध्यक्ष वा कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये दुईजनाले दस्तखत गरी कम्पनीको छाप लगाई जारी गरिने छ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुरा:** साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयवाट कम्पनी ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्था:** कम्पनीले आफ्नो शेयर आफै खरिद गदा प्रचलित कानुनी व्यवस्थाको अधिनमा रही गर्नेछ।

१६. **ऋण वा डिबेन्चर सम्बन्धि व्यवस्था:**

१) कम्पनीले ऋण वा डिबेन्चर उठाउन सक्नेछ।

२) शेयरधनीले लिने कबुल गरेको शेयर वापतको रकम पूर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिबेन्चर उठाउन सक्ने छैन ।

३) कम्पनीले जारी गरेको डिबेन्चर शेयरमा परिणत हुन सक्नेछ।

४) उपनियम (३) बमोजिम डिबेन्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी शर्त पूरा गरी गर्नेछ।

५) डिबेन्चर अन्य सम्पत्ती सरह धितो बन्धक राख्न सकिने छ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

६) संचालक समितिको पूर्व स्विकृती लिई डिबेन्चर हस्तान्तरण र दाखिल खारेज गर्न सकिनेछ।

७) ऋण वा डिबेन्चर सम्बन्धी अन्य कुरा [illegible] व्यवस्था भए बमोजिम हुनेछ।

१७. **शेयरधनी तथा डिबेन्वरवालाको दर्ता किताबको निरीक्षण:** शेयरधनी वा डिबेन्चरवालाले कम्पनीको शेयर वा डिबेन्चर दर्ता किताब निरिक्षण गर्न चाहेमा कम्पनीले निरिक्षण गर्न दिनु पर्नेछ। तर कम्पनीले आफनो सूचना पाटीमा ३० दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ।

## परिच्छेद – ३

## साधारण सभा

१८. **कम्पनीको साधारण सभा सम्बन्धि व्यवस्था:**

१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछ:

(क) बार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापन भएको मितिले १२ (बाह्र) महिना भित्रमा गरीने छ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र गरिने छ।

३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि संचालक समितिको बहुमतले निर्णय गरी संचालक समितिको अध्यक्षले कम्तीमा २१ दिन अगावै विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरवालालाई सूचना दिईनेछ।

४) संचालक समितिको अध्यक्ष वा संचालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बनाउने छ।

५) नियमबमोजिम बोलाइएको साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले संचालक समितिको बैठक बस्न नसकेमा संचालक समितिको कुल संचालकहरु मध्ये कम्तीमा एकाउन्न पतिशत संचालक उपस्थिती भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछ। यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ। यसरी बस्ने संचालक समितिको बैठक साधारण सभामा अध्यक्ष उपस्थिति भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

संचालकहरुमध्येबाट छानिएको संचालकले संचालक समितिको बैठक तथा साधारणसभाको अध्यक्षता गर्नेछ ।

६) उपनियम (३) र (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ । यस्तो सूचना कम्तीमा १५ दिन अगाडि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वको सूचना दिएको मानिनेछ ।

७) कुनै शेयरधनीको ठेगानामा सूचना पठाउन छुट भएका वा सूचना प्राप्त नभएमा सोही कारणले मात्र कुनै साधारण सभामां भएको काम कारवाही वा पारित कुनै प्रस्तावहरु बदर वा अमान्य हुने छैन।

८) सञ्चालक समितिलाई कुनै पनि साधारण सभा स्थगित गर्ने अधिकार हुनेछ। तर सभा गर्नुपर्ने आवश्यकता भएमा सम्बन्धित निकायलाई यथाशिघ्र सो को सूचना दिइने छ।

९) कम्पनीको रजिष्टर्ड कार्यालय वा नेपाल राज्यभर कुनै पनि स्थानमा साधारण सभा गर्न सकिने छ ।

१९. **साधारण सभाको कार्यविधिः**

१) साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकले आफूमध्येवाट छानिएको संचालकले सभाको अध्यक्षता गर्नेछ तर साधारण सभामा कुनै पनि संचालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपुरक संख्या पुगे वा नपुगेको एकिन गर्नु पर्नेछ र गणपुरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत् सभा संचालन हुनेछ।

४) साधारण सभा छलफल गरिने प्रत्येक विषय (एजेन्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछन र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ। अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन।

५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ । तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको गर्ने प्रतिनिधित्व शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रभाव पारित भएको मानिनेछ।

६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

७) कूल शेयर पूँजीको ७५ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्विकृती दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको अन्य विषय (एजेन्डा) मा छलफल र निर्णय गरिने छैन ।

८) कुनै विषयमा शेयरधनीहरुको मत संकलन गर्नु परेमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत संकलन गरिनेछ ।

९) साधारणसभामा अध्यक्ष तोके बमोजिम शेयरधनीले आवश्यकता अनुसार पालैपालोसँग बोल्ने गरी छलफलमा भाग लिनेछन् ।

१०) साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले आवश्यकता अनुसार सभा स्थगित गर्न सक्नेछ । जुन साधारण सभा स्थगित भएको हो, सो सभा हुने दिन भन्दा पहिले वा पछी कम्पनी ऐन सूचना दिईएको कुनै पनि विषय उपर यसरी स्थगित भै बोलाईएको सभामा छलफल र निर्णय गर्न सकिनेछ ।

११) साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

२०. **साधारणसभामा पेश गर्ने अन्य विषय:** कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नु पर्ने अन्य कुनै विषय भएमा संचालक समितिले निर्णय गरी पेश गर्न सक्ने छ ।

२१. **विशेष प्रस्ताव:** कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेकका सम्बन्धमा विशेष प्रस्ताव पेश गर्नु पर्ने देखि संचालक समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सक्नेछ ।

२२. **विशेष साधारण सभा:**

१) ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ । कम्पनी ऐन, २०६३ को अधिनमा रही सूचना जारी गर्नु पर्नेछ वा ७५ प्रतिशत शेयरवालाहरुको उपस्थिति र मन्जुरी हुन्छ भने विशेष साधारण सभा जहिले पनि बस्न सक्नेछ ।

२) विशेष साधारण सभासम्बन्धी अन्य व्यवस्थाहरु साधारण सभा सरह हुनेछ ।

२३. **गणपूरक संख्या:** बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा ७० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुन शेयरधनीहरु मध्ये कम्तीमा पनि ५ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर सख्याको कम्तीमा ४५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ४ जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सन्चालन गर्न बाधा पर्ने छैन ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्था:**

१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वत: रद्ध भएको मानिने छ ।

३) कुनै शेयरधनी स्वयं साधारणसभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्त गर्नु पर्दा कम्पनीको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न पाईने छैन।

४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद संचालक शेयरधनी सरह हुनेछ।

५) कुनै संचालकलाई कम्पनीको साधारणसभामा भाग लिन को लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाईदाको कुनै विषयमा त्यस्तो संचालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन।

२५. **मतदान:**

१) ऐन वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

२) यस कम्पनीमा फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन।

३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

४) संचालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने छैन ।

५) संचालक निर्वाचन गर्दा व्यावसायिक विशेषज्ञ सञ्चालकको हकमा संचालक समितिद्वारा र अन्य सञ्चालकको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्वारा गरिनेछ ।

२६. **साधारण सभाको निर्णय विवरणको अभिलेख:**

१) ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिने छ। यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ। कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष वा सभाले नियुक्त गरेको एक जना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्ने छ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

२) उपनियम (१। अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्ने छ। त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरिक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरिक्षण गराउनु पर्नेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

परिच्छेद

संचालक समिति

२७. **सन्चालकको समितिको गठन, संख्या र कार्यकालः**

१) यस कम्पनीमा ७ (सात) सदस्यीय एक संचालक समिति रहने छ जसको नियुक्ती र निर्वाचन साधारणसभाबाट हुनेछ ।

२) सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

३) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि जुन प्रकृयाबाट पहिले सञ्चालक नियुक्त भएको थियो सोही प्रक्रियाबाट सञ्चालकको नियुक्ती गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सन्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ । तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि संचालक समितिले संचालक नियुक्त गर्नेछ ।

४) संचालक नियुक्त गर्दा निजको वैकल्पिक संचालक पनि नियुक्त गर्न सक्नेछ ।

५) संचालकको निर्वाचनको लागि संचालक समितिले निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६) सञ्चालकहरुले आफूमध्येबाट बहुमतले छानेको कुनै एकजना व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

७) यस कम्पनीको वार्षिक साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहने छ ।

(१) सन्तोष कुमार भट्टराई — अध्यक्ष
(२) विश्वास खतिवडा — संचालक
(३) संदेश भट्टराई — संचालक
(४) शालिकराम थपलिया — संचालक
(५) परुराम थापा — संचालक
(६) सर्वसाधारण तर्फबाट — संचालक
(७) स्वतन्त्र तर्फबाट — संचालक

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

२८. **सन्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्याः**

१) यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १४०००(चौध हजार) कित्ता शेयर लिनुपर्नेछ। तर स्वतन्त्र सञ्चालक,पब्लिक शेयरधनीको तर्फबाट नियुक्त हुने संचालक र संगठित संस्थाका प्रतिनिधित्व गर्ने सञ्चालकको हकम यो व्यवस्था लागू हुने छैन।

२९. **शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सन्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्बन्धी व्यवस्थाः** कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम स्वतन्त्र संचालक नियुक्त गरिनेछ ।

३०. **सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्नेः** एक कार्यकाल संचालक भैसकेको व्यक्ति पुन संचालकमा नियुक्ति हुन सक्नेछ। कम्पनी ऐन, २०६३ को दफा ८९ ले तोकेको अयोग्यता भएको व्यक्ति कम्पनीको संचालक हुन सक्ने छैन।

३१. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुराः** हाललाई सो सम्वन्धमा कुनै व्यवस्था गरिएको छैन। आवश्यकता अनुसार भविष्यमा सो सम्बन्धमा उचित व्यवस्था गर्न सकिनेछ।

३२. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धी व्यवस्थाः**

१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुबिधा साधारण सभाने तोके बमोजिन हुनेछ।

२) उपनियम (१) मा जुनसुकै व्यवस्था लेखिएका भएता पनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा संचालक समिति आफैले तोक्न सक्नेछ । तर यसरी एक पटक तोकिएको पारिश्रमिक भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३३. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** कम्पनी ऐन, २०६३ र साधारण सभाले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

३४. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था :**

१) कम्पनी ऐन र अन्य ऐनको अधिनमा रही संचालक समितिले आफ्नो अधिकारहरु मध्ये केही अधिकारहरु अन्य पदाधिकारी, समिति वा उप समितिलाई प्रत्यायोजन गर्न सक्ने छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

२) कम्पनी ऐन र अन्य ऐनको अधिनमा रही संचालक समितिले अन्य विषय, व्यक्ति, पदाधिकारी, समिति र उप-समिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

३५. **प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्थाः**

१) कम्पनीको काम व्यवस्थित रुपले सञ्चालन गर्न सञ्चालक समितिले सञ्चालकहरु मध्येवाट एक जना प्रवन्ध सञ्चालकको नियुक्त गर्नेछ ।

२) प्रवन्ध संचालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु ऐनको अधिनमा रहेर संचालक समितिले निर्णय गरी सम्झौताद्वारा निश्चित गरिनेछ ।

३) प्रवन्ध सञ्चालक रहेको अवस्थामा पनि सञ्चालक समितिले कार्यकारी प्रमुख र अध्यक्षको अधिकार र कर्तव्य अलग अलग छुट्याई थप जिम्मेवारी दिन सक्नेछ ।

३६. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थाः**

१) समितिले प्रबन्ध सञ्चालक नभएमा कार्यकारी प्रमुखको रुपमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न सक्नेछ ।

२) कार्यकारी प्रमुख कम्पनीको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

३) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाका अन्य शर्तहरु सञ्चालक समितिले तोके बमोजिम वा करारद्वारा निश्चित हुनेछ ।

३७. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउनेः** यस कम्पनीको सञ्चालक समितिको बैठक सञ्चालक समितिका अध्यक्ष वा कम्पनी सचिवले बोलाउने छ।

३८. **सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधिः**

१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको अधिकारीले बोलाउने छ। त्यसरी बैठक नबोलाएमा कुल संचालक संख्याको पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो अधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ। यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो करा खुलाई कम्तीमा पच्चिस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन। यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ। कार्यालयमा सञ्चालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्ययमबाट दिन सकिनेछ ।

३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयं उपस्थित हुनु पर्नेछ । तर, वैकल्पिक संचालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक संचालक उपस्थित हुन सक्नेछ।

श्री नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

४) सञ्चालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन ।तर गुणपुरक संख्या नपुगी संचालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस बैठकमा पनि गणपुरक संख्या नपुगेमा सञ्चालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।

५) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ । तर सञ्चालक समितिको बैठकमा आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउने छ ।

८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

९) कम्पनीको बैठक वर्षमा कम्तिमा ६ पटक बस्नुपर्नेछ। तर दुई बैठकबीचको अन्तर तीन महिनाभन्दा बढी हुने छैन ।

३९. **सञ्चालक समितिको निर्णयको अभिलेखः**

१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र सो सम्वन्धमा भएको निर्णयको विवरण (माईन्युट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तीमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(५१)एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ । तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन।

२) विद्युतिय सञ्चार माध्यम वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार माध्यम वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिने छ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने प्रयाप्त व्यवस्था गर्नुपर्ने छ ।

३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समय भित्र निरिक्षण गर्न सक्ने छ ।

परिच्छेद-५

**हिसाब किताब, लेखा तथा लेखापरीक्षण**

४०. **कम्पनीको हिसाब किताब, लेखा र लेखापरीक्षणः**

१) यस कम्पनीको लेखा तथा हिसाव किताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

२) कम्पनीले राख्नुपर्ने हिसाव किताबमा प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राखिनेछ।

३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको कारोवार भएको आर्थिक बर्षमा कम्पनीले आफ्नो हिसाव किताव लेखापरीक्षण गराउनेछ ।

४) उपनियम (३) बमोजिम हिसाव किताब लेखापरीक्षण गराउनु पर्ने भएमा सो प्रयोजनका लागि बार्षिक साधारण सभा हुने भए सोही सभा र त्यस्तो साधारण सभा नहुने भए सञ्चालक समितिले वा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्था अनुसार ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्ने छ। त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यालयमा जानकारी दिइने छ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि संचालक समितिले लेखापरिक्षक नियुक्त गर्नेछ ।

५) उपनियम (४) बमोजिम नियुक्त लखापरिक्षकले आफूले लेखापरिक्षण गरेको हिसाब किताब र लेखावाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपी प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

६) कम्पनीको अद्यावधिक हिसाब किताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

४१. **लेखापरीक्षण समिति सम्वन्धी व्यवस्था:** कम्पनीले ऐन कानूनमा निर्दिष्ट प्रक्रिया पूरा गर्नको लागि आवश्यकता बमोजिम लेखापरिक्षक समिति गठन गर्न सक्नेछ।

परिच्छेद ६

४२. **लाभांश सम्बन्धी व्यवस्था :**

१) कम्पनीको लाभांश वितरण गर्ने निर्णय भएको पैतालिस दिन भित्र लाभांश वितरण गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी रकम भुक्तानी गर्नु पर्नेछ ।

३) साधारण सभाको निर्णय बमोजिम अन्तरिम लाभांश वितरण गरिनेछ। त्यस्तो लाभांशको कति प्रतिशत सम्म दिने हो सो कुरा साधारण सभाले निर्णय गरे बमोजिम हुनेछ ।

४) अन्तरिम लाभांश वितरण गर्दा कम्पनी ऐन, २०६३ को दफा १८२ को अधिनमा रही गर्नु पर्नेछ ।

५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयर धनीलाई सो हदसम्म निजको लाभांश रोका राख्न सक्नेछ ।

४३. **शेयरधनी, डिवेञ्चरवाला, संचालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना:** कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, संचालक र पदाधिकारीलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले संचालक वा पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतिय वा अन्य कुनै माध्यमबाट दिन वा प्राप्त गर्न सक्नेछ।

४४. **कम्पनी सचिव सम्बन्धी व्यवस्था :**

१) प्रचलित कम्पनी ऐनमा भएको व्यवस्थाको अधिनमा रही नेपाली नागरिकलाई सञ्चालक समितिले कम्पनीको कम्पनी सचिवको रुपमा नियुक्त गर्नेछ।

२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा कम्पनीमा कार्यरत् कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ । तर उल्लेखित योग्यता पुगेको कम्पनीमा कार्यरत् कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्ति गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यवस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार प्रचलित कम्पनी कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

४५. **कम्पनीको छाप सम्बन्धी व्यवस्था :**

१) कम्पनीले आफ्नो दैनिक प्रशासनिक कार्यको लागि एउटा छुट्टै छापको प्रयोग गर्नेछ र छाप कम्पनीको संचालक समितिको अध्यक्षको जिम्मामा रहनेछ । निजले कम्पनीका अन्य कर्मचारीलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ ।

श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

२) अनाधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :**

१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक हिसाब, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरवालाको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीले कार्यालयमा पेश गरेको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा प्रति पृष्ठ रु १०/- (दश रुपैया मात्र) दस्तुर लिई प्रतिलिपि दिनुपर्नेछ ।

२) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु। ५० ।- (पचास रुपैयाँ) मात्र दस्तुर लाग्ने छ ।

३) संचालक समिति रहने कम्पनी भएकोले संचालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु ५० ।- (पचास रुपैयाँ) मात्र लाग्नेछ ।

४) शेयर प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न रु ५०/- (पचास रुपैयाँ) मात्र दस्तुर लाग्नेछ ।

५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु ५०/- (पचास रुपैयाँ) मात्र दस्तुर लाग्नेछ ।

४७. **कम्पनी गाभिने व्यवस्था :**

१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा यस कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिमको प्रक्रिया पूरा गरी अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

२) कुनै कम्पनी अर्को कम्पनीमा गाभिदा शेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सम्पुर्ण शेयरधनीको पूर्ण सहमति हुनुपर्नेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

४८. **कम्पनीको खारेजी:**

१) प्रचलित कानुनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित भएपछि साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ। त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछन ।

४९. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :** हाललाई कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचालित कानूनको कुनै व्यवस्था गरिएको अवस्था छैन।

५०. **अन्य आवश्यक कुराहरु:**

१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म हुनेछ ।

२) यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ ।

३) कम्पनीले आफूलाई आवश्यक पर्ने शेयर रकम संकलनको लागि विभिन्न स्थानमा फरक फरक व्यक्तिलाई संयोजक तोकि शेयर विक्री गर्न सक्नेछ। कम्पनीमा शेयर रकम प्राप्त नभएसम्म शेयर हक कायम गरिने छैन। फरक फरक समूह गठन गरी स्वदेश तथा विदेशमा रहने नेपालीहरुबाट समेत कानून बमोजिम प्रकृया पूरा गरी शेयर रकम संकलन गर्न सकिनेछ।

५१. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था:** यस नियमावलीमा कुनै सम्सोधन गर्नु पर्ने भएमा साधारण सभा वा विशेष साधारण सभाले विशेष वा सामान्य प्रस्ताव पारित गरी त्यस्तो निर्णय कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र निमावली सम्सोधन भएको मानिने छ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुने:** यस नियमावलीमा लेखिएको कुरा ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्ता कुरा स्वतः बदर हुनेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

५३. संस्थापकहरुले तत्काल लिन कवूल गरेको शेयर संख्या र उद्घोषण: हामी " कम्पनी अफ नेप्लिज इन्भेस्टर्स लिमिटेड " का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मन्जुर छौं। यस नियमावलीमा लेखिएको हाम्रो नाम, ठेगाना, [illegible] हामीले लिन कबुल गरेको शेयर संख्या र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो छ। यस दफानुसार कम्पनी गरेको उद्घोषण गलत ठहरिन गएमा कम्पनी दर्ता भाएपछि सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मञ्जुरी छ। साथै नियमावलीमा लेखिएका कुराहरु सांचो हो, झुठा ठहरे कानुन बमोजिम साहुँला बुझाँउला भनी देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस नियमावलीमा सहिछाप गरेका छौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

| संस्थापकको नाम, ठेगाना र सही छाप | बाबु/पतिको नाम | नागरिकता प्रमा[illegible] पत्र नं. र [illegible] कहाँ नागरिकता [illegible] गरेको जिल्ला [illegible] विदेशी [illegible] राहदानी नं. | [illegible] | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत:<br>१. नाम: सन्तोष कुमार भट्टराई<br>ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. २९<br>हाल: जर्मनी<br>दा. बा. | सदानन्द उपाध्याय | नेपाली ना.प्र.नं. ३८९०९, काठमाण्डौ<br>गै. आ.ने. ना. प्र. नं. ९-२७-०१-८०-००३९२, काठमाण्डौ | ३०००० थान | दस्तखत:<br>नाम: सदानन्द उपाध्याय भट्टराई<br>ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. २९<br>दा. बा. | ना.प्र.नं. २७-०१-८१-०३३०७ जि.प्र.का. काठमाण्डौ |
| दस्तखत:<br>२. नाम: विश्वास खतिवडा<br>ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३<br>दा. बा. | शिवकृष्ण खतिवडा | ना.प्र.नं. ११८४/१३८०७ जि.प्र.का. काठमाडौं | ३०००० थान | दस्तखत:<br>नाम: सुबर्धन खड्का<br>ठेगाना: ललितपुर जिल्ला धापाखेल वडा नं. २<br>दा. बा. | ना.प्र.नं. ५६५१ जि.प्र.का. ललितपुर |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

This document is signed digitally!

| संस्थापकको नाम, ठेगाना र सही छाप | बाबु/पतिको नाम | नागरिकता प्रमाण पत्र नं. र नागरिकता लिएको जिल्ला, विदेशी भए | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत: ३. नाम: संजय थापा ठेगाना: काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा वडा नं ०४ दा. बा. | डोर बहादुर थापा | नेपाली ना.प्र.नं. ६८६७२४७३१९६०५, काठमाण्डौ | ३०००० थान | दस्तखत: नाम: बिमला कुमारी खतिवडा थापा ठेगाना: काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं. ०३ दा. बा. | ना.प्र.नं. ४०२६।११८०९ जि.प्र.का. काठमाण्डौ |
| दस्तखत: ४. नाम: ज्योती देवी शर्मा ठेगाना: काठमाडौं जिल्ला, काठमाण्डौ म. न.पा वडा नं. ३२ दा. बा. | प्रेम प्रसाद भुसाल | ना.प्र.नं. ४८६२ जि.प्र.का. पर्वत | ३०००० थान | दस्तखत: नाम: कमला भुसाल तिवारी ठेगाना: पर्वत जिल्ला, फलेबास न.पा वडा नं. ०४ दा. बा. | ना.प्र.नं. ४७५२२ जि.प्र.का. पर्वत |

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

| | | | | | |
|---|---|---|---|---|---|
| दस्तखत:<br>५. नामः परशराम थापा<br>ठेगानाः लमजुङ जिल्ला रैनास न.पा वडा नं. ९<br>दा बा | भिम बहादुर थापा | ना.प्र.नं.<br>१६१७<br>जि.प्र.का.<br>लमजुङ | ३०००० थान | दस्तखत:<br>नामः भाग्यवती जि. सी.<br>ठेगानाः कास्की जिल्ला लेखनाथ न.पा वडा नं. ९<br>दा बा | ना.प्र.नं.<br>२१३२<br>जि.प्र.का.<br>कास्की |
| दस्तखत:<br>६. नामः सन्देश भट्टराई<br>ठेगानाः सुनसरी जिल्ला धरान न.पा वडा नं. ४<br>दा बा | सदानन्द उपाध्याय | ना.प्र.नं.१५४३<br>जि.प्र.का.<br>काठमाडौ | ३०००० थान | दस्तखत:<br>छाया भट्टराई<br>नामः छाया देवी उपाध्याय<br>ठेगानाः काठमाडौ जिल्ला का.म.न.पा वडा नं. २९<br>दा बा | ना.प्र.नं.<br>५२० मकवानपुर<br>जि.प्र.का.<br>काठमाडौ |
| दस्तखत:<br>७. नामः शालिकराम थपलिया<br>ठेगानाः चितवन जिल्ला वीरेन्द्रनगर ,वडा नं. ४<br>दा बा | देवी प्रसाद थपलिया | ना.प्र.नं.<br>८३१०/०५४<br>जि.प्र.का.<br>चितवन | ३०००० थान | दस्तखत:<br>नामः सजीता थपलिया<br>ठेगानाः चितवन जिल्ला वीरेन्द्रनगर, वडा नं. ४<br>दा बा | ना.प्र.नं.<br>०४३४८५<br>जि.प्र.का.<br>चितवन |

ईति सम्वत २०८२ साल कार्तिक महिना ११ गते रोज ३ शुभम्.....................

मस्यौदा गर्ने:
(क) नाम: पेशल मिश्र (अधिवक्ता)
(ख) प्रमाणपत्र नं: १९६६९
(ग) दस्तखत:

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : चक्र बहादुर घर्ती
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-१०
कम्पनी रजिष्ट्रारको कार्यालय